# प्रेस विज्ञप्ति

आज मिति २०६३/१२/१९ गते सोमवारका दिन महर्षि वाल्मीकि क्याम्पस गौर द्वारा आयोजना गरिएको **रौतहट वुद्धिजीवीहरुको अन्तरकृया कार्यक्रम** शीर्षकमा मिति २०६३/१२/१२ ( मार्च २६, २००७) का दिन The Kathamandu Post मा डा.मथुरा श्रेष्ठको प्रकाशित अन्तरवार्ताको बारेमा छलफल गरियो । सो छलफल कार्यक्रममा वौद्धिक वक्ताहरुबाट उठेका कुराहरु यसप्रकार छन् ।

वहाँको अन्तरवार्ताबाट रौतहटको सांस्कृतिक, राजनैतिक, धार्मिक र सामाजिक अवस्था समेतमा ठूलो आघात पुगेको छ । साथै वहाँको अन्तरवार्ताले साम्प्रदायिक द्वन्द्व चर्काउने स्थिती समेत ल्याउने देखिएकोले वहाँलाई देशद्रोहीको संज्ञा दिने सर्वसहमतिबाट ठहर गरिएको छ । मिति २०६३/१२/०७ गतेको दिन भएको गौर घटना बारेमा डा. मथुराले दिएको अन्तरवार्ता तथ्यहिन, कपोलकल्पित र भ्रामक छ जुन तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

१. मधेशी जनअधिकार फोरमले ५ दिन अगाडि नभई १५ दिन अगाडिदेखि नै पर्चा, पम्पलेट गरीरहेको र कटहरिया, पिपरा, राजपुरफरहदवा, औरैया, शिवनगर, गरुडा आदि ठाउँमा कोणसभा गरी सर्वसाधारणलाई जानकारी गराएको थियो । साथै ३ दिन अघि देखि नै गढी माई एफ.एम.बाट प्रचार प्रसार गराइएको थियो । मधेशी मुक्ति मोर्चाले मात्र १ दिन अघि आफ्नो कार्यक्रम मधेशी चौकमा गर्ने माईकिगं गौर बजारमा गरेको थियो तर आफ्नो मंच मधेशी जनअधिकार फोरमको मंच भएकै चौरमा बनाएको थियो ।

२. दुई दल बिचको कार्यक्रम सम्बन्धी समस्या समाधान गर्न रौतहट उद्योग वाणिज्य संघमा मानव अधिकार संगठन रौतहटद्धारा संयुक्त रुपमा आयोजना गरिएको कार्यक्रममा फोरमका अध्यक्ष अमर यादव र एमालेका रेवन्त झा लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो । तर अर्को पक्ष मधेशी मुक्ति मोर्चाका प्रतिनिधिहरु अनुपस्थित भएकाले सो समस्या समाधान हुन सकेन । आयोजक मानव अधिकार संगठन रौतहट ,उद्योग वाणिज्य संघ रौतहट र पूर्व जि. वि. स. सभापति रौतहटले जनाए अनुसार माओवादीका बिधायक प्रभु साह तथा पूर्व जनसरकार प्रमुख बिन्देश्वर राय यादवलाई पटक पटक सम्पर्क गर्दा पनि वहाँहरुले कुनै चासो देखाउनुभएन ।

३. मधेशी जनअधिकार फोरम र मधेशी मुक्ति मोर्चा दुवै समूहका जुलुस अदालत नजिक भेट्दा एक अर्काको ताली बजाएर स्वागत गरी आ-आफ्नै बाटोमा एउटै नारा सहित अगाडि बढेका थिए ।

४. मधेशी जनअधिकार फोरमका केही कार्यकर्ताहरुले मधेशी मुक्ति मोर्चाको मंच अगाडि राखिएको कुर्सीलाई आंशिक रुपले तोडफोड गर्दा मधेशी जनअधिकार फोरमका नेता

कार्यकर्ताहरुले  त्यसलाई रोकेका थिए ।  तत्पश्चात मधेशी मुक्ति मोर्चाको मंचलाई क्षति गरिएको थिएन ।

५. आक्रमण पहिला मधेशी जनअधिकार फोरमबाट नभई माओवादीको भातृ संगठन मधेशी मुक्ति मोर्चाद्धारा दुर्गम पहाडी जिल्लाहरुबाट सैकडौंको संख्यामा  आयात गरिएका प्रशिक्षित लडाकुहरुबाट बम बलास्ट र फाइरिङका साथ शुरु भएको थियो । जसमा कार्यक्रमका उद्घोषक विश्वनाथ राउत र दर्शक बालानन्द झा सहित दर्जनौं नेता कार्यकताहरु घाइते भए । यसको प्रतिउत्तरमा मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरुले आफ्नो बचाउको लागि बाँसको फठ्ठा मात्र प्रयोग गरेका थिए ।

६ . डा. मथुराले यस घटनामा स्थानिय र भारतीय पेशेवर गुन्डाहरुको प्रयोग रु.पच्चिस लाख खर्च गरी गरिएको भन्नुभएको छ जो कि पूर्ण रुपले कपोलकल्पित, भ्रामक र तत्थ्यहिन छ । डा. मथुराले के बुझ्नु पर्छ भने यो घटनाको सम्पूर्ण जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा ( ज्वाला सिंह ), मधेशी टाइगर र तराई कोबराले लिई सकेको छ र स्थानिय प्रशासनले उक्त घटनाका दोषीहरुको छानविन  गरिरहेकै  अवस्थामा स्थानिय व्यक्तिहरुको नाम उल्लेख गरी दुरासय पूर्वक चरित्र हनन गर्नु एउटा ठूलो अपराध हो ।

७. घटनास्थलमा मधेशी जनअधिकार फोरमले बाँसको फठ्ठा बाहेक अरु कुनै पनि किसिमको हात हतियार प्रयोग गरेको थिएन ।

८. सो कार्यक्रममा उपेन्द्र यादवको उपस्थिति सर्वसाधारणले देख्न पाएनन् जबकि डा. मथुरा अनुसार केन्द्रीय अध्यक्ष यादवलाई एस. पी .ले  बैरगनिया  (भारत सिमा) सम्म छोड्नु भएको थियो । यस कुराको यथार्थ प्रशासनले प्रष्ट्याउनु पर्दछ ।

९. डा. मथुराले आरोप लगाए अनुसार गौर घटनामा बलात्कार जस्ता कुरा भएको उल्लेख गरीएको छ । तर शवहरुको पोष्टमार्टम रिपोर्ट अनुसार बलात्कार भएको कनै प्रमाण फेला परेको छैन । यसै सन्दर्भमा स्थानिय चिकित्सक र कान्तिपुर दैनिकमा प्रकाशीत तत्कालिन एस.पी .ले दिएको अन्तरवार्ता  अनुसार (जसको सि. डी. मानव अधिकार संगठनसंग उपलब्ध  छ ) बलात्कार र यौनाङ्गहरु काटिएका कुराहरुको खण्डन गरिएको छ ।

१०. डा. श्रेष्ठका अनुसार गौरमा राजावादीहरु बढी छन् , जसको आधार वहाँले नगर निर्वाचनको ७२ प्रतिशत मतदानलाई लिनुभएको  छ । तर यो रिपोर्ट रौतहटको विगत इतिहासलाई ध्यानमा नराखिकनै हचुवातालमा दिइएको देखिन्छ ।

**डा. मथुराले बुझ्नुपर्ने कुराहरु तल उल्लेख भए बमोजिम छन् ।**

क) गौर नगरपालिका भएदेखि नै यहाँ कुनैपनि दलका उम्मेदवार मेयरको रुपमा  निर्वाचित नभई स्वतन्त्र उम्मेदवारले नै विजय हासिल गरेको छ ।

ख) रौतहट जिल्लामा नेपाली काँग्रेसको ऐतिहासिक सम्मेलन बैरगनियामा गरीएको कुरा सर्वविदितै छ। २००७ सालको आन्दोलनमा शिवप्रसाद सिंह शहिद भएको कुरा सबैलाई थाहा नै छ।

ग) २००९ सालको किसान आन्दोलन रौतहटबाट नै शुरु भएको थियो।

घ) २०१७ सालमा राजा महेन्द्रबाट संसद बिघटन भए पछि तत्कालिन प्रजातांत्रिक नेताहरुलाई आश्रय दिने थलो पनि रौतहट नै हो।

ङ) २०३६ सालको जनमत संग्रहमा वहुदल पक्षको सर्वाधिक मत प्राप्त भएको जिल्ला रौतहट नै हो।

च) के २०४६ र २०६२/६३ सालको जनआन्दोलनमा गाँउ गाँउबाट प्रजातन्त्रको लागि नारा जुलुस गर्ने र महिनौसम्म जेल भित्र बन्द गरीएका रौतहटवासी नेता तथा कार्यकर्ता राजावादी नै हुन् ?

छ) माओवादीको पहिलो जनसभा २०५९ सालमा त्यही राइस मिलको प्रांगनमा हुँदा ५०,००० हजार भन्दा बढी जनताको उपस्थितिले के राजावादी कै संदेश दिन्छ त ?

११. डा. श्रेष्ठले कुनै अनाम केटीको अन्तरवार्ता लिइ गौरमा महिलाहरुको स्थितीको बारेमा भन्नुभएका मनगढन्त कुराहरु शत प्रतिशत निराधार र गलत हुन्। यसबाट डा. मथुराको मानसिक बिक्षिप्तता प्रष्ट हुन्छ।

१२. डा. मथुराका अनुसार गुण्डाकै भरमा चुनाव जितिन्छ भने यस प्रश्नको जवाफ यहाँबाट निर्वाचित भएका माननिय सांसदहरु क्रमशः माधव कुमार नेपाल , प्रकाश कोइराला, महम्मद अफताभ आलम, डा. बंशीधर मिश्र , ब्रजकिशोर सिंह , उद्धव ढकाल ,गोविन्द चौधरी ले दिनुपर्ने देखीन्छ। यदि त्यसै प्रकारले निर्वाचित भएका हुन भने नैतिकताको आधारमा वर्तमान सांसदहरुले राजिनामा दिनुपर्दछ र भू.पू.सांसदहरुले क्षमायाचना सहित राजनीतिबाट सन्यास लिनुपर्दछ। यदि डा.श्रेष्ठको भनाइ ठीक छैन भने स्पष्टिकरण लिई वहाँमाथि सार्वजनिक रुपमै रौतहटका सांसदज्यूहरुबाट भर्त्सना सहित कडा कारवाही गरिनुपर्छ।

१३. डा. मथुराले कुनै प्रमाण बिना नै यहाँका वासिन्दाहरु मूर्ति चोरी , चरस व्यापार र चेलीबेटी वेचबिखन जस्ता कार्यमा संलग्न भएको आरोप लगाउनु भएको छ। यदि वहाँसँग केही प्रमाण छ भने स्थानिय प्रशासनले त्यस्ता व्यक्तिहरुको नाम सार्वजनिक गरी कारवाही अगाडि बढाउनुपर्छ। यदि डा. मथुराको कुरामा सत्यता छैन भने देशद्रोही, साम्प्रदायिक सद्भाव खलबल्याउने र विध्वंशकारीका रुपमा डा. श्रेष्ठलाई कारवाही गरिनु पर्छ।

१४. यहाँका राजनैतिक दलले गुण्डा र माफियालाई संरक्षण गरेको हो भन्ने बारेमा पनि नेपाली कांग्रेस , नेकपा एमालेका स्थानिय माननिय सांसदहरुले स्पष्टिकरण दिनु पर्छ। यदि यो कुरा गलत हो भने डा. श्रेष्ठले स्पष्टिकरण दिनुपर्ने देखिन्छ।

१५. डा. श्रेष्ठका अनुसार गौरमा स्थानिय युवतीहरुको बिहेवारी माफिया समूहसँग अनुमति नलिई गरिएमा ती युवतीहरुलाई नजिकको आँप बगैचामा लगी बलात्कार गरी बेश्याको रुपमा समाजबाट बहिरगमन गरिन्छ जो हाम्रा चेलीबेटीमाथि लगाइएको लान्छना हो । यसबाट हामी समस्त रौतहट बासी मर्माहत भएका छौं र डा. श्रेष्ठमाथि कारवाहिका लागि अपिल गर्दछौं । साथै कान्तिपुर प्रकाशन जस्तो गरीमामय प्रकाशन समूहले यस्तो कुनै संवेदनशील लेख वा अन्तरवार्ता प्रकाशीत गर्दा उचीत प्रमाणका आधारमा मात्रै प्रकाशन गरी दिन हुन अपिल गर्दछौं ।

वुद्धिजीवीहरु
गौर, रौतहट